(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



भदौ २०८२

२८७

(साहित्य, कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

**२०८२ भदौ (Aug-Sep 2025)**

वर्ष २४ अङ्क ११ पूर्णाङ्क २८७ (Year 24 Issue 11 Total issue 287)

सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

| | | |
|---|---|---|
| प्रधान-सम्पादक | : | धीरकुमार श्रेष्ठ |
| सम्पादक | : | भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल |
| कला संयोजन | : | राजेश मानन्धर |
| व्यवस्थापन | : | तुलसीकुमार कन्दङ्वा |
| वेबसाइट | : | https://sabdankur.com |
| | | http://bit.ly/sabdankur |
| आवरण | : | पुष्प सौन्दर्य |
| ISSN | : | 2773-7969 |

मूल्य रु. ४५/-

**पत्रिकाको ठेगाना**

sabdankur@gmail.com/sabdankur58@yahoo.com

काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

**वितरक :** साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

## यस अङ्कभित्र

नैना अधिकारी ३, भीम थापा ५, बिलोक शर्मा ६, नरेशचन्द्र खाती ७, सी.के. श्रेष्ठ ८, राजु प्रधान 'हिमांशु' ९, नगिता लेप्चा राई १०, दलसिंह 'अकेला' ११, पेम नर्बु शेर्पा 'ज्योति' १२, टीकाराम गोपाल 'भित्रीकोटी' १३, उदय थुलुङ १४, दीप प्रधान १६, नारायणप्रसाद होमगाई १८, विकास कार्की २०, नीता तामाङ २१, सञ्जीव गुरूङ २२, बेदान्त तामाङ २३, रमा शर्मा पौडेल २४, आशा उपाध्याय गौतम २५, ज्ञानेन्द्र खतिवडा २६, राजेन्द्र भण्डारी, २७, महेशचन्द्र बराल ओमश्री २८, प्रवीण राई जुमेली ३०, नवराज के.सी. ३२, शरद प्रधान ३४, डा. मेनुका कार्की ३५, देवराज सिम्खडा ३६, भैरव गेलाल ३७, रणभीम ३८, देबकी के.सी. ३९ र डा. शैलजा पोखरेल ४०

# हाम्रो अभिमत

समय अविराम र अविश्रान्त गतिमा अगाडि बढ्दो छ । यसका लागि कोही हुनु र कोही नहुनु अथवा केही हुनु र केही नहुनुले केही फरक पार्दैन । यो केवल आफ्नो रफ्तारमा अगाडि बढ्दो छ । यसले न कसैलाई पर्खिन्छ न कसैको आशामा हत्केलाको पाली बनाई सुदूर क्षितिजमा हेर्छ । यसका लागि न कोही आफन्त छ न कोही पराया । सबैका लागि समान छ । कसैका लागि विभेद छैन । आग्रह पूर्वाग्रह केही छैन । केवल कर्तव्य निर्वाहमा तल्लीन छ । कर्तव्य नै यसका लागि सर्वप्रिय छ । कर्तव्यपथमा अगाडि बढ्नु र अगाडि बढिरहनु मात्र जानेको छ । अरू कसैतिर हेर्दैन । हेर्ने स्वभाव नै छैन । भनेपछि, कसैका बारेमा टीकाटिप्पणी गर्नु र कसैको चियोचर्चो गर्नुमा आफूलाई भुलाउँदैन । कतै रमिता होस् अथवा कतै शोकको महासागर तैरिरहेको होस् त्यतातिर फर्केर हेर्दैन । प्रलय नै किन नआइरहेको होस् यसका लागि सबै सामान्य हुन्छ । एउटा सम्पन्न हुनुपर्ने निरन्तरको क्रियाकलापतिर यसले ध्यान दिँदैन । दिने स्वभाव नै छैन ।

समय तटस्थ छ । तटस्थता यसको खास विशेषता हो । आँखा चिम्लेर दिइने न्याय होस् अथवा आँखा खोलेर गरिने अन्याय; यसका लागि अर्थहीन हुन्छ । अर्थहरूको खोजी गरिने परिवेशमा अर्थहीन कृत्यतर्फ अलमलिरहने अवकास यसलाई हुँदैन । यो अरूतिर होइन आफैतिर पनि हेर्दैन । आफू आफैमा क्षतविक्षत भएको होस् अथवा अक्कर भिरको उकालो यात्रामा होस्; यसका लागि कठिनभन्दा कठिन परिस्थितिले पनि बाटो छेक्न सक्तैन । सृष्टि नै विनाशको चरणमा भए पनि अथवा निर्माणको चरणमा भए पनि यसले आफ्नो बाटो आफै बनाउन जानेको हुन्छ र अगाडि बढ्न जानेको हुन्छ । यो गुण यसले नैसर्गिक रूपमै पाएको हुन्छ । स्वाभाविक रूपमै पाएको हुन्छ । यसका लागि यसले कुनै प्रयत्न गर्नु पर्दैन र कुनै कक्षाशिक्षण आवश्यक पर्दैन । मानवले कैयौँ प्रयत्न र शिक्षामार्फत पनि सिक्न नसकेको महत्त्वपूर्ण कुरो यसले प्रारम्भदेखि नै पाएको हुन्छ । त्यो हो, दायाँबायाँ नलागी कर्तव्यमा दत्तचित्त भएर लागिरहनु । कर्तव्य नै यसका लाग सर्वोपरि हुन्छ । कर्तव्य निर्वाहभन्दा बाहेक यसका लागि प्राप्त गर्नुपर्ने अर्को कुनै लक्ष्य, उपलब्धि वा गन्तव्य हुँदैन । यसको लक्ष्य, उपलब्धि वा गन्तव्य जे भने पनि केवल कर्तव्यमा रौँको सहस्रांश बराबर पनि तलमाथि पर्न नदिनु नै हो । कर्तव्य निर्वाह गर्नुपूर्व नै अधिकारको खोजी गर्ने र कर्तव्यपथमा टेक्दै नटेकी विचलित हुने गुण यसका लागि सोच्न पनि सकिन्न ।

समय अभेद्य हुन्छ । यसलाई कसैले भेदन गर्न सक्तैन । न हिजो कसैले सक्यो न आज कसैले सक्छ न भोलि नै कसैले सक्ने छ । यसलाई टुक्र्याउने दुस्साहस गर्न कसैले सक्तैन । यसका अगाडि जस्तोसुकै शक्तिशाली शासक पनि तिलबराबर पनि हुँदैन । यो न शक्तिका अगाडि झुक्छ न शक्तिशालीका अगाडि नतमस्तक हुन्छ । बरु यसका अगाडि सबै बराबर हुन्छन् । कोही कतै फरक हुन्नन् । उचनिच हुन्नन् । ठुलो सानो हुन्नन् । छुत अछुत हुन्नन् । यही हो समयको खास विशेषता । सबैका लागि समान । सबैका लागि उपलब्ध । कसैका लागि अनुपलब्ध हुन नसक्ने समयलाई कसले कति सदुपयोग गर्न सक्यो भन्ने मात्र प्रश्न रहन्छ हाम्रा अगाडि । यो केवल व्यतीत गर्नका लागि गरियो अथवा यथासम्भव सार्थक पार्ने प्रयत्न गरियो ? यसलाई हाम्रै छेउबाट थाहै नपाई लुसुक्क जान दिइयो अथवा अर्थयुक्त पार्ने प्रयत्न गरियो ? आज अहिले र हरेक क्षण सोचनीय विषय हुन सक्छ । किनभने समयका लागि कहिल्यै ढिलोचाँडो भन्ने हुन्न ।

– प्रधान सम्पादक

कविता

# श्रमको छायामा उभिएका सपनाहरू



नैना अधिकारी
(कामरूप, असम, भारत)

१. गृहस्थीका भित्ताहरूमा
कैद छन् खुट्टाहरू,
पिठ्युँमा संसार बोक्दै
आफ्नै आकाश खोजिरहिछे ऊ

चुल्होमा पोलिएका
उसका सपना
पसिनाले भिजेको ओछ्यानमा
हरेक रात जल्छन्

पाखुराले थामेको घर
आफै सिउरिएको आकाशमा
सधैँ फाटिरहन्छ

रातभर सिउन सकिएनन् सपना,
बिहान फेरि
उही दिन दोहोरिन्छ

छोरी जन्मदा आकाश रुँदै थर्थराउँछ
छोरो जन्मँदा
बज्रपातका बिच पनि बाजा घन्किन्छ,
मनमा बारम्बार एउटै प्रश्न उम्रिन्छ
थोपाहरू किन यति सजिलै विभाजन गरिन्छन् ?

२. ऊ सहरका गल्लीहरूमा
पसिना चुहाउँदै
हरेक दिन इतिहास कोर्ने प्रयास गर्छे
तर नाम सधैँ हराइरहन्छ

श्रम !
कहिले उखुको रस
कहिले मसिनको पाङ्ग्रा

कहिले खेतका बाला बन्छ,
तर पारिश्रमिक ?

काँध थापे पनि,
पाखुरा चलाए पनि
हिसाबको पन्नामा
उसको नामको अङ्क
सधैँ घटाइन्छ

लेख्ने हातहरू थाकिसके,
सुन्ने कानहरू बहिरा छन्,
मोल तोक्ने आँखा
सधैँ बन्द छन् ।

३. लोककथाहरूमा नायिका सधैँ सुन्दरी हुन्छे
जसले राजकुमार कुर्दै बस्छे
तर अब ती कथाहरू
जल्ने छन्
किनभने
उसका आँखाहरूले विद्रोह लेख्दै छन्,
हातहरूले आफै
राजकुमारी बन्न सिक्दै छन्

अब ती हातहरू
केवल भात पकाउने छैनन्
कलम समाउने छन्
बजारका भित्ताहरूमा लेख्ने छन्
समानताको घोषणा !

घर र सहर,
खेत र कारखाना,
सबै ठाउँबाट एउटै आवाज उठ्ने छ–
महिला–श्रम–सपना–समानता !

कविता

# युगको जन्म



भीम थापा
(दार्जिलिङ, भारत)

यी हाम्री युगले अब
गर्भधारण गरेकी छ
उसको शरीरबाट अब
अर्को शरीर निस्कन लागेको -छ
उसको छटपटी यसैले
बिस्तारै बढ्दै जान लागेको -छ
यसै भन्न नसकिने
अर्को युग
अब उसले जन्माउन लागेकी -छ

प्रत्येक रात ओछ्यानमा पल्टँदा उसले
एकेकवटा नयाँ कल्पना
नयाँ भावना र नयाँ विचार
मनमा पैदा गर्न लागेकी छ
शरीरका खुन र तागत- बढाउन
प्रतिदिन उसले-
तितो, पिरो, टर्रो, अमिलो
र खान नहुने वस्तुहरू
खान लागेकी छ ।

तर अर्को युग जन्माउँदा-जन्माउँदै
प्रसव-वेदनाले
ऊ मर्छे कि भन्ने
एउटा भयानक भय छ
(किनकि यसभन्दा अघि
दुईचोटि
ऊ मरणासन्न भएर
बाँचेकी छ)
यी हाम्री युगले
गर्भधारण गरेकी छ ।

कविता

# शून्य



**बिलोक शर्मा**
**(डुवर्स, भारत)**

म शून्य भएको छु !

आकारहीन
भारहीन
आयतनहीन

उक्कालो उक्कालो
एउटा बाक्लो संसार
शून्यताको !
शून्यता–
जसले पीढा सहेको छ
व्यथा भोगेको छ
मर्म सम्हालेको छ
स्नेह साँचेको छ
तर शून्य छ ।

के छ त्यो शून्यतामा ?
शान्ति
मुक्ति
मोक्ष कि
कालबोध
......
अस्तित्व/जीवनबोध ?

एउटा यात्रा
पयरविहीन...
सत्यका पखेटाहरूसित
अनन्त निर्विकार निर्लिप्त
तर अदृश्य...
अदृश्य...
अदृश्य... !!

कविता

# समय र घडी



नरेशचन्द्र खाती
(भारत)

एकदिन
समय थियो समयको
ऐले घडी मात्र भइदिएको छ सोकेसको
त्यो समय कहाँ पुग्यो, कहाँ लुक्यो
खेजीनिधो छैन, पर्वाह छैन कसैलाई
कुनै दिन त्यो समय फर्केला नै हो
समयसँग समयमा न्याय मास्न समयको
जुन दिन
समय समयहीन समाहित भैसक्ला समयमा
तेसै दिन समय एकापट्टि फर्केर
तेसै दिन घडी अर्कापट्टि फर्केर
परस्पर ढाड जुझाएर
परिचय खोज्ला
समयले घडीको
घडीले समयको
तेही दिन
समय धरतीमा उभिएर
आटार हेर्न मन्टो उकालो पार्छ होला
तेसै दिन घडी अटारीमा बसेर भुइँ ओह्रालो
समयको पदचाप खोज्न निहुरिन्छ होला
भेट भएकै दिन यौटाको अन्त
र अर्कोको उदय हुन्छ होला
समय र घडी परस्पर
घडी र समय परस्पर

**आगामी आकर्षण**

सीतादेवी छेत्री, युवा बराल 'अनन्त', ईश्वर पोखरेल, सौगात भट्टराई, ईश्वरचन्द्र ज्ञवाली, महेशराज खरेल आदि ।

कविता

# देशको कविता



सी.के. श्रेष्ठ
(सिलगडी, भारत)

देशविहीन हुनुको पीडा
पीडित मनभित्रै खोज्नू
आफू उभिएको माटोधरि
आफ्नो नभएकालाई सोध्नू

नागरिकता चिसो सार्टिफिकेट
देशको न्यानो काख होइन
संविधान सुरक्षा भन्ने मात्र
देशको स्नेहिल हात होइन

दुःख होस् कि अभाव होस्
देश भनेको देश हुन्छ
गुमायौ भने तिमी हुँदैनौ
केवल भग्नावशेष हुन्छ

झुटो लागे इतिहास
पल्टाऊ बिदेसिएका पुर्खालाई खोज
विश्वभरि चिन्हारी खोज्दै
छट्पटिएका सन्तानलाई सोध

सानो होस् कि ठुलो होस्
देश भनेको देश हुन्छ
त्यसैले देशसित
खेलाँची नगरेकै बेस हुन्छ ।

कविता

# विचारको आँधी



**राजु प्रधान 'हिमांशु'**
**(डाउहिल, खरसाङ, भारत)**

जब पनि विचारको आँधी चल्छ
म आन्दोलित हुन्छु भित्रभित्रै ।
मेरो खप्परको छप्परमाथिमाथि
उष्णता पनि बिस्तारै बढ्छ ।

उपलब्धि
सङ्कटहरूलाई पन्साउनै नसक्ने होस् न
पर्वाह छैन
तर विचारको आँधी चलिरहनुपर्छ
विचारको आगो पनि जलिरहनुपर्छ
विचारको फल पनि फलिरहनुपर्छ नत्र त
सपनाहरू जाग्दैनन्
पाकेर बिपना बन्दैनन्
आँखाहरू पनि निदाइबस्ने छन् ।

तर सपना नदेख्ने आँखाहरू मृततुल्य हुन्छन्
जीवनका लक्ष्यहरू सबै तुहाइदिने

र
बचाउनलाई
विचारको आँधी चलिरहनुपर्छ
निरन्तर
निरन्तर
निरन्तर ...

कविता

# बाँदरे प्रवृत्ति.

नगिता लेप्चा राई
(खोलाचन्द फाप्री, सिलगढी, भारत)



बाँदर न आफू घर बनाउँछ
न अरूलाई नै घर बनाउन दिन्छ
बाँदर र तिमीमाझ केही फरक देखिनँ
अरूको घर सहँदैन बाँदरले
उन्नति र प्रगति सहँदैनौँ अरूको तिमीले
बाँदर न आफू घर बनाउँछ
न अरूलाई नै घर बनाउन दिन्छ ।

कति सजिलो अरूलाई औँला ठहऱ्याउनु
एउटै औँली ठहऱ्याउँछौँ अरूलाई
तर तिम्रा अन्य चार औँलीले तिमीलाई
नै लाखेस् गरिरहेको थाहा छ के ?
तिम्रा विशाल छातीभरि
कपटी तैँछाड मैछाड गरेको देख्छु
जसले डोऱ्याएर तिमीलाई यहाँसम्म ल्याइपुऱ्यायो
उसैलाई खोइरो खन्न रातदिन तड्पिन्छौँ ।

गिज्याउँछौँ नै भने लमकलमक हिँडिरहेको
बाघलाई गिज्याऊ
मरेको बाघको जुँगा उखेलेर
वीर पुरुषको तक्मा भिर्ने मूर्ख प्रयास नगर
बाँदर न आफू घर बनाउँछ
न अरूलाई नै घर बनाउन दिन्छ ।

बिन्ती छ नचलाऊ सुतेको बाघलाई
सुतेको बाघ कुनै दिन बिउँभिए
तिम्रो गति के होला सुर्ता लाग्छ
बाँदरे प्रवृत्ति तिम्रो टिठ लाग्छ ।
बाँदर न आफू घर बनाउँछ

न अरूलाई नै घर बनाउन दिन्छ ।

यसैले भन्छु
आफ्नो पितुर्के सोच र बाँदर प्रवृत्तिमा लगाम लगाऊ
बरु आफ्नो घर बनाउनपट्टि ध्यान लगाऊ
अरूको घर भत्काउने मूर्ख प्रयास नगर
बाँदरे प्रवृत्तिबाट पन्छिने प्रयास गर
बाँदर न आफू घर बनाउँछ
न अरूलाई नै घर बनाउन दिन्छ ।

कविता

# बगर



दलसिंह 'अकेला'
(दार्जिलिङ, भारत)

बगर भएर धेरै सहेँ
तिमी खोला बनी बगिदियौ ।

भत्केँ, बाढीको हेपाइ सहेँ
तिमी कुर्ली कुर्ली बगिदियौ ।

तिमीलाई त माया दिए सबैले
मलाई त छोडी बसाइँ सरे ।

तिमीलाई त अमृत सम्झी सबैले
मलाई त पैह्रो सम्झी पर्खाल बुने ।

तिमीलाई त अँजुलीमा राखी तर्पण दिए
मलाई त पैतालाले कुल्ची बेहाल पारे ।

मलाई त गङ्गा सम्झी पाप पखाले

मलाई श्मशान पारी लास जलाए ।

कविता

# कर्म



पेम नर्बु शेर्पा 'ज्योति'
(माथिल्लो दिउ-दामथाङ, नाम्ची सिक्किम, भारत)

मान्छे देख्दा,
मान्छेलाई नै डर लाग्ने,
यहाँ यस्तै हुन्छ ।
कहिले धर्मको नाममा,
यहाँ कसैको हत्या हुन्छ ।
कहिले जातसँग पनि,
यहाँ कसैको बलात्कार हुन्छ ।
कहिले कसैमाथि,
थिचोमिचो र षड्यन्त्र ।
कहिले सिमाना नमिल्दा,
बमले उडाउँछन् ।
कहिले ड्रग्सको व्यापार,
कहिले जाँडरक्सी र तासजुवाको खेल,

यसैको झोकमा,
यहाँ अशान्ति र हत्या हुन्छ ।
कहिले आफ्नै निम्ति,
अरूको भाग लुट्छन् ।
कहिले कसैको प्रगति देखेर,
यहाँ षड्यन्त्र रच्छन्,
कहिले छलकपट,
कहिले विनाश,
यही नै जानेका छन् ।
यस्तै अशुद्ध विचारधाराले,
यहाँ कसलाई लाभ हुने हो ?
यही छलकपटले,
यहाँ कसको भाग्य बनिने हो ?
यस्तै कर्मले मान्छेको सम्बन्ध,
यहाँ कस्तो रहने हो ?
सभ्य र वैज्ञानिक युगमा,

यदि हामी मान्छे नै हौँ भने,
हाम्रो व्यवहार र कर्म,
यहाँ कस्तो हुनुपर्ने हो ?
अनि हाम्रो सम्बन्ध,
यो दुनियाँमा,
कस्तो हुनुपर्ने हो ?
यति ज्यादा विनाश हुँदाहुँदै पनि,
अब हामी कुन बाटो हिँड्नुपर्ने हो ?
शान्तिको मार्ग भएर कि ?
विनाशकारी भएर हिँड्ने हो ?
यदि सचेत बन्न सक्यौँ भने,
अझै त समय छँदै छ,
यो दुनियाँ सजाउने,
अनि आपसमा सम्बन्ध सुधार्ने,
हामी मान्छेहरूको लागि ।

गजल

# गजल

**टीकाराम गोपाल 'भित्रीकोटी'**
**(कोलकाता, भारत)**

मेरो जिन्दगीमा आज घाम छ न छायाँ छ,
तिमीलाई फौजमा जाने जब फरमान आया छ ।

आँखा आँखामा नै लामो रात मेरो कट्या छ,
तिमीबिना यो यौवन काल मेरा भया छ ।

तिमी आउने गोटो दुई आँखाले ताक्या छ,
आजकल मेरो बास बारी डिलमा रह्या छ ।

अनजान पाहुनाले जब दैलो खट्खट्या छ,
मन मेरो झस्किन्छ कहीँ मेरो प्रितम आया छ ।

ढोकाबाहिर दुई सिपाही ठिङ्ग डट्या छ,
खबर मलाई मेरो खसम ढलेको दिया छ ।

सुन्नासाथ खबर मेरो आकाश धर्तीमा खस्या छ,
चेतना शून्य दुई नयन मेरो अश्रुधारा बग्या छ,

शव मेरो प्राण प्रियको राष्ट्रध्वजले सज्या छ,
मुटुमाथि शिला राखी बिदा दिनुपऱ्या छ ।

कविता

# बाटो



उदय थुलुङ
(मङ्पो, भारत)

परापूर्व कालमा
बुद्ध हिँडेको बाटो रे यो
कृष्ण र राम पनि यै बाटो हिँडेका रे
हिँडेका थिए रे येसु पनि
राजा–महाराजा
परी र नर्तकीहरू हिँड्थे रे यो बाटो भएर

यही बाटोमा हिँडिरा'छु म
तर पत्याउनु हुन्नहोला, तपाईं
अहिले यसको टाउको छ
पुच्छर छ
र दुईओटा जिब्रो छ
अर्थात् मैले टेकेदेखि यसो यो साँप भएको छ ।

बाटो, यो साँप भएदेखि नै
ज्यान हत्केलामा छ दाइ,
दुइटा जिब्रो हेर्नोस् त त्यसको
बाटो फन उठाएर तेर्सिरा'छ
त्यो एउटा जिब्रो तपाईंको हुन सक्छ
अर्को मलाई हुन सक्छ ।

बाटो साँप बनेपछि
सुर्ता बढेको छ,
छोरो सहरमा पढ्छ
त्यहाँ झन् धेरै बाटाहरू हुन्छन्
कति ठुँङ्दा हुन् त्यसलाई
बाटाहरूले

छोरीलाई सुरक्षित ठाउँ कतै
देख्नुभएको छ भने

आश गर्छु दाइ,
घरको गनगन के भनूँ-
म नभएको बेला
एउटा बाटो आएर
सँघारमा सुतिबस्छ रे दिउँसो
म त खेततिर गइहाल्छु
धान, तरकारी, केरा के के
चाहिन्छ रे देशलाई
म त्यता हुन्छु, दिनभरि
तल्लीन
लखतरान
एकोहोरो ।

दाइ
म दुईपट्टिको गनगनमा चेप्टिएको छु
घरको
र देशको ।

अब सोच्दै छु दाइ
यस्तो मायावी बाटो नहिँडेर
बरु कुबाटैकुबाटो हिँड्नुपर्‍यो
कतै सोचेको ठाउँमा पुगिन्छ कि
आफू पनि ?

## पुस्तकालयलाई सूचना

प्रत्येक महिना हामीलाई उपलब्ध भएसम्मका पुस्तकालयको हुलाकी ठेगानामा शब्दाङ्कुरलाई निःशुल्क पठाउने गरेका छौं । यसरी पठाइएका पत्रिका प्राप्त भएका पुस्तकालयले कृपया प्राप्तिको सूचना दिनुभए यस कार्यलाई निरन्तरता दिन सहज हुने थियो । साथै **शब्दाङ्कुर** प्राप्त गर्न चाहने पुस्तकालयले हुलाकी ठेगाना उपलब्ध गराए निःशुल्क रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्छौं ।

**शब्दाङ्कुर परिवार**

कविता

# म प्रहार बनिदिन्छु



दीप प्रधान
(मरिक, भारत)

म पीडिता
गुड्दै गरेको यात्रु वाहनमा
एक साँझ
एक दिन
एक बिहान
अनि
एक रात
बलात्कृत बन्छु ।
पाषण हृदय
चट्टान मन बोकेका मुटुहरू
कलुषित भावना
अनि
दिमागभरि दुर्गन्ध बोकेका देह पिपासुहरू
लुच्छन्, कोपर्छन्, टोक्छन्
अनि
खेल्छन् नग्न बनाई मेरो शरीरसित ।
मेरो क्रन्दनलाई
द्रुत गतिको वाहनले
मेरो चित्कारलाई
तीव्र पवनको झोक्काले
पुऱ्याइदिन्छ कहाँ, कता कता !
मलाई लाग्छ
सायद
यसैले म अबला
यसैले म लता ।
विश्व सृजना गर्ने, म
विश्व शान्तिको सन्देश छर्ने, म
प्रेम, दया र स्नेहको
बीजारोपण गर्ने म
विश्वलाई विनाशबाट तार्ने, म
विश्वको पीडा हर्ने, म ।

मलाई लाग्छ
हरेक पल ! हरेक क्षण !!
पीडित भइरहेँ, म
विश्वको लालनपालन गर्ने को !
लालची गिद्धे दृष्टि
परिरहे मैमाथि
अब, छोराको सुरक्षा गर्ने को !
मलाई भगवान् बन्नु छैन
मलाई स्वर्गको इन्द्रासन चाहिन्न
पद्म विभूषण र भारत रत्नजस्ता
गौरवान्वित तक्माहरूको रहर पनि छैन
मलाई सम्मान र संवर्धनको चाह छैन
अन्तरिक्षमा चन्द्रलोक
यात्रा गर्ने उल्लास पनि छैन ।
मलाई त केवल
देह भक्षकबाट सुरक्षा भए पुग्छ
चारैतिर हरियाली, शान्ति र
अहिंसा भए पुग्छ
मानवता र बन्धुत्व भए पुग्छ ।
वसुधैव कुटुम्बकम्लाई
सबैले अँगाले पुग्छ ।
मलाई अब कसैको गलाको हार बन्नु छैन
कसैको शिरको ताज बन्नु छैन
बरु म
धार बनिदिन्छु
सुरक्षाको थोत्रा आश्वासन
मलाई अब चाहिन्न
बरु उल्टै म
धार बनिदिन्छु
बरु मै तिनीहरूप्रति
प्रहार बनिदिन्छु ।


**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**

**अक्षरधाम प्रकाशन, बागबजार**

**सम्पर्क : ०१-५९२२७०७/९८६००५६०५२/९८५११५७१९३**

akshardhamprakashan@gmail.com| akshardham.com.np

कविता

# मेरो अढाईतले घर




नारायणप्रसाद होमगाई
(हाल : कोलकाता, भारत)


दक्षिण कोलकातामा
भाडाको घरमा बस्ने गर्दथेँ म
पानी लिन र शौचालय जान
लाइन बस्नु पर्दथ्यो
चापाकलको पानीले
सार्वजनिक स्थलमा नुहाउँथेँ
घरमा कोही पाहुना
नआइदिए हुन्थ्यो भन्ने ठान्दथेँ ।

कष्टले आर्जन गरेको पैसाले
एउटा घडेरी किनेँ
अनि त्यसमा दुईपटक गरेर
अढाईतले घर बनाएँ ।

वरिपरि त्यत्रो घर कसैको नदेखेर
म फुर्किन थालेँ
साथीहरूलाई निम्तो गरी गरी
खाना खुवाउने बहानाले
घर देखाउँदै
आफूलाई विशाल सम्फन थालेँ ।

क्रमशः
छेउछाउमा अन्य घरहरू बन्दै गए
कसैका दुई तला
कसैका तीन
त कसैका चार तला ।

अब मेरो अढाईतले घर
स्यानु देखिन थाल्यो
त्यसैसँग

म र मेरो मन पनि
साँगुरो हुन थाल्यो
आफूले आफैलाई झपार्दै भनेँ -
'ठुलै फुर्ति गर्थिस्
ल हेर !
तँलाई उछिन्ने अर्को पनि त रहेछ,
खालि आफूलाई मात्रै विशाल सोच्दै हिँड्थिस् !'

हेर्दाहेर्दै मेरा गाला चाउरिँदै गए
कपाल फुल्दै गयो
नशा खुम्चिन थाले
आँखा मधुरा हुन थाले
शरीरको छाला मुजा पर्न थाल्यो
अङ्गप्रत्यङ्गमा व्यथा बढ्न थाल्यो
सबैतिर उच्चाइ देख्न थालेँ
आफू त तलको तलै ।

भित्रबाहिर गर्दै बार्दलीबाट
कुप्रिएर बाहिर नियाल्छु
वरपर ता बहुमन्जिल
पच्चिसतिस तले भवन बनेछन् ।
ती भवनको माथिबाट हेर्दा त
मेरो अढाईतले घर
सबैभन्दा निम्न स्तरको
भुँइछाप्रोमा परिणत भएछ !
कतै झुर्किएको
कतै चर्किएको
फुस्स रङ उडेको
मेरो र मेरो घरको अवस्था
एकै प्रकारको भएछ ।

---


अस्ट्रेलियामा शब्दाङ्कुर पाइने ठाउँ

**शब्दाङ्कुर बुक्स एन्ड पब्लिकेसन, अस्ट्रेलिया**

sabdankuraustralia@gmail.com

Phone: 061-0403721631 (Whats App and Viber)

सिडनी, अस्ट्रेलिया


---

कविता

# कलकत्ता



विकास कार्की
(कोलकाता, भारत)

म
भाग्य खोज्दै
श्रम गर्न परदेसिएको मान्छे
म तिम्रो स्निग्धतामा हराइसकेछु
कलकत्ता !
म तिम्रो छातीमै बिलाइसकेछु
प्रकृतिले सजिएको
स्वर्गजस्तै सुन्दर मेरो गाउँ
जहाँ धान नाच नाचिन्थ्यो
हाकपारे गाइन्थ्यो
सँगिनी खेलिन्थ्यो
मादल र मारुनीको मेला हुन्थ्यो
तर यहाँ त
परिचयविहीन
म यो सहरको
गल्ली-गल्लीमा
बर्सौंदेखि भौँतारिरहेछु
फगत यो पेटको निम्ति ।

खै मेरो भाषा ?
खै मेरो संस्कृति ?
खै मेरो समाज ?
कुनै बेला
दुर्गन्धले भरिएको
गङ्गाको तीरमा बसेर
मेलम्चीको चिसो अनुभव गर्छु
कलकत्ता !
म,

न तिमीलाई छोड्न सक्छु
न त गाउँको माया मार्न !
म यस कोलाहलमय
तिम्रो सहरमा
बुख्याचाजस्तो
अस्तित्वहीन बाँचिरहेछु !

कविता

# *हे आततायी*



नीता तामाङ
(सालबारी, सिलगडी, भारत)

कसको निम्ति ! केको निम्ति
आफूमा यति धेर विष भरेको ?
कहाँबाट ल्याउन सक्छौ यति घृणा
आत्मा रूपसम्मलाई यति विकृति बनाइदियौ ।

कसरी खोज्छौ फूलको सुगन्ध ?
डढेलो लगाई आगोको भुंग्रोमा ।
यति सुन्दर मानवरूपी यो देह
फेरि कहाँ पाउन सक्छौ जगमा ।

ईश्वर, अल्लाह, जेजस, बुद्ध सबैले
दया, प्रेम, मानवताकै पाठ सिकायो ।
अधर्मी बनी रक्तको खोला बगाउँदै
कसरी भन्छौ उनीहरूकै हौँ परम अनुगामी ?

जग नै स्वर्ग जग नै नर्क बन्छ तिम्रो कर्मले
सोच जस्तो हुन्छ संसार उस्तै बन्छ मनले ।
अजम्बरी भई को नै आएको छ र जगमा
संसारै जित्यौ भने पनि क्षणभङ्गुर त हो देह यहाँ ।

# रमिता



सञ्जीव गुरूङ
(सुनदह, दार्जिलिङ, हाल : कलकत्ता)

रमिता !
उहिले नै
डा. इन्द्रबहादुर राईले
एउटा दूरबिन आविष्कार गरे ।
अनि चढे
निक्कै अग्लो डाँडामा
र हेरे उनले त्यहाँबाट
हामीलाई
अनि देखे रमिता !
त्यसपछि,
उनी चिच्याए- 'आज रमिता छ !'
उनले जीवनभरि नचिम्लेका
उनका चिम्सा आँखाहरूले
जीवनभर हेर्नपर्‍यो
रमिता !
रमिता !!
रमिता !!!
ती आँखाहरू
फेरि कहिले नउघ्रिने गरी
बन्द हुँदा पनि
ती आँखाहरूअघि थिए रमिता
रमिता !
रमिता !!
रमिता !!!
दियौँ हामीले उनलाई
सम्मान सम्बर्द्धना पुरस्कार
खै कहाँ दिन सक्यौँ र !
हामीले उनलाई
रमिता नभएको
एउटै पनि दिन ?
हामीजस्तो अटेरी त को होला ?
हेर्न नचाहेको रमिता

जीवनभर हेर्नुपर्दाको पीडा
जोख्न कहाँ सकिन्छ र ?
अब उनी छैनन्
तर छ यहाँ
अझै धेरै
रमिता !
रमिता !
रमिता !!!
नयाँ नयाँ रमिता !

रमिता !
रमिता !!
रमिता !!!

कविता

# मुस्कान

**बेदान्त तामाङ**
**(हाल : कोलकाता)**

तिनको मुस्कान
त्यो अर्धचन्द्र रक्तिम अधरको मुस्कान
जति हेऱ्यो त्यति हेर्न मन लाग्ने
हृदयको सिंहासनमा अनन्त कालसम्म राज गर्ने
निर्दोष तिनका भावहरूको प्रतिविम्ब
त्यो मुस्कान केको मुस्कान होला !
के त्यो सफलताको मुस्कान होला ?
वा कुनै इच्छा तृप्तिको ?
के त्यो मोहनी जालमा पार्ने मुस्कान हो ?
वा कसैलाई देख्दाको खुसीको ?
या कुनै यादको सम्झनाको होला ?
मेरो हृदयलाई चिरा-चिरा पार्ने त्यो मुस्कान
कुनै हास्यव्यङ्ग्यको फल हो कि
देखावटी एउटा रमाइलो धोका ?
खै के होला त्यो मुस्कान र त्यसको सत्य ?
म त केवल कल्पना गर्न सक्छु
मात्र अनुमान लगाउन सक्छु
आशा राख्न सक्छु
कि त्यो प्रेमको मुस्कान हो ।

कविता

# कलियुगका सन्तति र हामी



रमा शर्मा पौडेल
(हाल : कोलकाटा)

रिस उठछ् किन ?
सन्तानको जिद्दीपन देखेर !
आश्चर्य छु म
अहिलेको माहोल देखेर !
मलाई फेरि सत्य युगतिर जान मन लाग्यो !
अहिलेको सन्तानको दिनचर्या
र जीविकोपार्जन शैली देखेर !!
यो विज्ञ जमानाले
नयाँ आविष्कार सिकायो !
अनुशासन र नैतिक शिक्षाको धज्जी उडायो !
गुसासो गरौँ कोसँग ?
विकृतिको आगो सल्क्यो जताततै !
यो युगले
आफ्नोपन र संस्कारको सुक्खा खडेरी बनायो !
घरपालुवा कुकुरलाई बढो स्नेहपूर्वक पालिन्छ !
तर विडम्बना !
बा-आमालाई अपहेलित गराई आँसु झारिन्छ !
यसपछिका सन्ततिले कस्तो संस्कार सिक्ने हुन् !
यस्तो कल्पना गर्दा
सपना हो कि विपनामै डुबिन्छ !
आजकाल म माहुरीको अनुशरण गरिरहेछु
परिश्रम र एकताको पाठ सिकिरहेछु
आधुनिकतामा आफूलाई बदल्न खोजेँ भने त
म फेद न टुप्पोको
गन्तव्यविहीन भइरहनेछु ! भइरहनेछु !

कविता

# जीवनका हरेक मोडमा



**आशा उपाध्याय गौतम**
**(हाल : कोलकाता)**

जीवनका हरेक मोडमा
इच्छा र आकाङ्क्षाहरूलाई परीक्षामा राख्छ
भर्खरै त सुरु भएको छ यात्रा
कति बोझ बोक्न
बाँकी नै छ ।

थाकेका छैनन् यी पाइलाहरू
कति काँडाहरूका माझ
आफ्ना सपनाहरूलाई पूरा गर्दै
पखेटा फिजाएर उड्न
बाँकी नै छ ।

हजुर, समय बलवान् छ
समयलाई कसले रोक्न सक्छ र ?
तर, आत्मा कमजोर छैन–
समयसँग लड्न
र अधुरा मेरा सपना
र मेरा बुबा–आमाको सपना सिलाउन
बाँकी नै छ ।

'जीवन लामो होइन, अर्थपूर्ण हुनुपर्छ' –
यो भावना मनमा बोकेर
जीवनको यात्रामा पाइला चाल्दै
मेरो यात्रा अटुट छ ।
मनको एक कोपिला बनेर
म बाँचिरहने छु–
किनभने मेरो गन्तव्य पूरा गर्न
बाँकी नै छ
बाँकी नै छ ।

कविता

# आकाश/आँगन



ज्ञानेन्द्र खतिवडा
(सालबारी, दार्जिलिङ)

आकाश आँगन हो चराको
मन लागे
ऊ उसैको आँगनमा
खेलिबस्छ/नाचिरहन्छ/रमाइरहन्छ

मन नलागे आकाशले
हात थामेर उठ्न सिकाएको
रूखको हाँगा हाँगामा उफ्रिबस्छ ।

उज्यालोको सुइँको पायो कि-
रूखको हाँगे-झ्याल ढोका खोल्छ
पातहरूको पर्दा पन्साउँदै
पुलुक्क चिहाउँछ बाहिर र
घरबाट फुत्त निस्कन्छ
अनि आँगनमा पुग्छ
रमाएर खेल्छ ।
मिठा मिठा गीत गाउँछ
आकाश हो चराको आँगन

त्यही चरा जब भुइँमा
सुद्धी हराएर खेल्न पुग्छ
शक्तिले मैमत्त बन्दै जान्छ
त्यसले सबभन्दा पहिले उड्न बिर्सन्छ
र अस्ट्रिच बन्छ

लामो घाँटीमाथिको टाउकोले
आकाशसित सिङ जुधाउँछ
चुच्चोले आकाशलाई ठुङ्न पुग्छ
खुट्टाले भुइँलाई कोतरिबस्छ

र,
बिस्तारै बिस्तारै उड्न बिर्सन्छ

अनि त
हिंस्रक पशुको दाँतमा पिर्सिँदै पिर्सिँदै
हराउँछ
मृत्युले निलिसक्छ

म पनि
भिक्ट्री-स्ट्यान्ड उक्लँदा नै
सर्वोच्च उक्लिएको ठानी
आकाशतिर उक्लिएर
धर्ती टेक्न भुलेको भए
अस्ट्रिच बनेर
भुइँ न आकाश भएर
धेरै पहिले नै
हराइसक्थेँ ।

मलाई भुइँभरि भएर
बाँच्नु छ

आकाश उक्लने बुद्धिले/
भुइँ टेकिरहने
मनमष्तिष्कले

मलाई मेरो आँगनबाट
पर नलगोस्
म यहीँ भुइँको मानिस
मलाई यही भुइँ
टेकेर उमेर बिताउनुछ ।

कविता

# एकान्त



**राजेन्द्र भण्डारी**
**(कालेबुङ, भारत)**

दिनभरि गिट्टी, बालुवा, ढुङ्गा बोकेर
लखतरान
एउटा ट्रक
बास बस्छ सडकछेउ एकान्तमा रातभर ।

साथीले गुडिया खोसेपछि
एउटा बालक खोज्छ
एकान्त आफ्नी आमालाई
पोल हाल्न ।

म पनि खोज्छु एकान्त
आफ्नो छातीका आला चोट देखाउन
अनि धित मरुन्जेल रुन ।

जब म साँघुरा गल्लीहरूमा
अदृश्य डोरीले
टन्टनी बेरेर
भड्खालोमा फ्याँकिन्छु,

जब आँखामा कालो पट्टी बाँधेकी
न्यायकी देवीले समेत
कोल्टे तराजु उचाल्छिन्,

म एकान्तलाई च्याप्प समाउँछु र सोध्छु
अघिल्लो पाइला कहाँ टेक्नु ?

बाहिरफेर जतिसुकै सिनिक्क परेर हिंडे पनि
भित्रबाट मलाई
नाङ्गैभुतुङ्गै देख्ने उही एकान्त नै हुन्छ ।

जब मलाई सबैथोक कोक्याउन थाल्छ
म मान्छे बान्ता गर्छु ।

सिद्धान्तहरू च्यात्छु ।
विचार बान्ता गर्छु ।

जब म
जताततै
पिप र रगतका खोला उर्लिएको देख्छु,
रगत बान्ता गर्छु ।

त्यस बेला
एकान्तले नै मलाई पानी पिलाउँछ
गाम्छाले मुख पुछिदिन्छ ।

उसको काख नै मलाई लाख हुन्छ ।

म भन्छु
ए एकान्त !
तँ एक्लो छैनस्, म छु नि तेरो लागि ।

ऊ पनि भन्छ
तँ पनि एक्लो छैनस्,
म छु  नि तेरो लागि ।

(mail2rpb@gmail.com)

कविता

# ए सरकार ! त्यो दिन तेरो के होला



महेशचन्द्र बराल ओमश्री
(पिथौरागढ, उत्तराखण्ड, भारत)

सुन नेपाली जनताको व्यथा
म भारतमा छु,
म मन्दिरमा छु पुजारी भई होटलमा छु छोटु भई
धर्मशालामा छु सेवक भई
जहाँ गए नेपाली भेटन सक्छौ नेपालीलाई

नदीको तातोमा बगर बालुवा छानिरहेछु ।
समुद्रका तटहरूमा भौँतारिरहेछु
भारतका अस्पतालमा मृत्युसँग लडिरहेछु
ए सरकार ! सुन नेपालीको पीडा

बाजारको उकालीमा पिठमा बोझ लिई हिँडिरहेछु
एकान्त र शान्त ठाउँमा 'नि
घर को यादमा व्याकुल छु ।
सहरका चौराह र सिँढीहरूमा कामको खोजीमा पर्खिरहेछु
नाम्लो, बोरी, डोरी बोकेर बसिरहेछु
हे सरकार ! बुझ न नेपालीको मर्म

म नेपाली चेली हुँ
जुठा भाँडा धोइरहेछु

मालिकले दिएको कोरो रोटी
हातमा च्याप्प समाई खाइरहेछु
कहीँ खाना पकाइरहेछु,
कुकुर घुमाइरहेछु बच्चा खेलाइरहेछु
कहीँ मेमहरूका गन्दा कपडा धोइरहेछु
कही कुनै साहबको ओच्छयान 'नि तताइरहेछु
कस्तो छ विदेशमा नेपालीको पीडा

ए नेपाल सरकार ! एकपटक सोच न ।

सङ्घर्ष दुःख पीडा घरबाट टाढा
आफ्नाको यादमा दिनहुँ मरिरहेछु ।
भोर बिहान फेरि सङ्घर्ष र सुनौलो भविष्यको आशामा
सुखका सपनाहरू देखिरहेछु
ए सरकार ! हेरन एकपटक हामीलाई 'नि

हे सरकार !
भारतभित्र एक सानो नेपाल पलिरहेछ ।
जहाँ गए 'नि नेपाली नै नेपाली छन् ।
छ्यासछ्यास्ती सर्वत्र नेपाली छन् ।
कहीँ मानसम्मान गुमाएका छन्
कहीँ विश्वाससहितका नेपाली भेटिने छन् ।
अपमान र विभेदसहितका नेपाली भेटिने छन्
आफ्नो काममा खटिरहने नेपाली भेटिने छन् ।
नेपालीले नै नेपालीलाई डाँट्ने नेपाली पनि भेटिने छन् ।

ए सरकार !
नेपाल सरकारप्रति आक्रोश पोख्ने नेपाली भेटिने छन् ।
घरको मायामा विक्षिप्त बनेर पनि
एकोहोरो काम गरिरहेका नेपाली भेटिने छन् ।
केदारनाथको उकालोमा पिठमा मान्छे बोकेका भेटिने छन् ।
जीवनदेखि निराश भएका
वृद्ध बा 'नि काँधमा नाम्लो बोकेका भेटिने छन् ।

एक दिन फेरी नेपाली एक हुने छन् ।
सत्ताका विरूद्ध उठाउने छन् बिगुल रणक्रान्तिको
गर्ने छन् उद्घोष युद्धको
शासक विरूद्ध
त्यो दिन हुने छ नयाँ परिवर्तन
विदेशभरिका नेपालीको सत्ताको सत्ताको कब्जा ।
ए सरकार ! त्यो दिन तेरो के होला
ए सरकार ! त्यो दिन तेरो के होला ?

कविता

# असम्पूर्ण सम्पूर्णता



**प्रवीण राई जुमेली**
**(गान्तोक, सिक्किम, भारत)**

म हिँड्छु यात्रा एउटा
एउटै मात्र यात्रा

जो हजार यात्राहरूको
झिनु यात्रांश मात्र हो

यसरी नै हरेक
दिक र कालका यात्रीहरू
उस्तै उस्तै यात्रांशहरू
हिँडिरहेका थिए

हिँडिरहेछन् र
हिँडिरहने छन्

मलाई लाग्छ मैले
सम्पूर्ण हिँडेँ

हरेकलाई लाग्छ उनीहरूले
सम्पूर्ण हिँडे

अनेकौँ अदृश्य अहिँडाइहरू
समेट्दै तर
कहाँ पूर्ण हिँड्न सकियो र खै
एउटा यो हिँडाइमा

एउटा हिँडाइ
एकपल्टमा सम्पन्न हुनु
एउटै मात्र हिँडाइको सम्पूर्णता

हजारौँ हिँडाइलाई किनकि

एउटा हिँडाइले समेट्न सक्तैन
कथ्न सक्तैन

हत्केलाले छामेको ब्रेल
भन्दा परतिर पनि भनिन्छ

अझै अरू ब्रेलानुभूति
बाँचिरहेको हुन्छ संरचनामा

टुक्रिएका भिन्न-भिन्नै इन्द्रियलाई
जोडेर
एउटा हात्ती बुझ्नुभन्दा पनि
परतिर
अर्थका अनेकौँ क्वार्क
देखिन सकिन्छ खोजे
भेटिन सक्छ

कतै डेरिडाजस्ता । कतै बार्थजस्ता
ती स्पेक्टरहरू
लिन्द्रिङ लिन्द्रिङ अँगालो फिँजाएर
कतै तरङ्गको रेखा त
कतै मात्राको ढेला लढाउँदै ती

कसलाई समातेर म मेरो अविश्वास फालूँ
कुन पुच्छरमा मलाई वैतरणी तार्ने शक्ति छ

तिमी मसित ।दीको
सर्वश्रेष्ठ उपहार माग्छौ भने
म तिमीलाई यही भरम दिन्छु

जहाँ तिम्रा पनि अविश्वासहरू
विश्वासजस्तै रूपवती भई गाइरहने छन्

जीवन जस्तो टल्किने
मृत्युको मोह चाटिरहेछन् ।।

कविता

# तिमी यात्रामा निस्क

नवराज के.सी.

तिमी यात्रामा निस्क
अनि थाहा पाउने छौ
टन्टलापुर घाममा
त्यो पिपलको छहारीले दिने
शीतलताको महत्त्व

तिमी यात्रामा निस्कन मात्र
अनि थाहा पाउने छौ
हिउँदको कपकपाउँदो जाडोमा
न्यानो दिने
त्यो घाम को महत्त्व ।

यात्रामै थाहा पाउने छौ
पल पल हर समयको महत्त्व
प्याक्प्याकती तिर्खाएको बेलामा
एक एक थोपा पानीको महत्त्व
बाटो भुलेको बेला
सानो गोरेटोको महत्त्व
तिमी यात्रामा त निस्क

तिमी यात्रामा निस्क अनी थाहा पाउने छौ
एक्लिएर डराएको बेला
कोही भइदिए हुन्थ्यो लाग्ने
कसैको साथको महत्त्व
तिमी यात्रामा त निस्क मात्र
अनि थाहा पाउने छौ
रुखको, ऋतुको, फूलको, सुवासको,
झारको, माटोको कति हुन्छ महत्त्व
यात्रामै थाहा पाउने छौ
तिम्रो आफ्नै भावनाको महत्त्व

हिमाल हेर्ने तीव्र इच्छा पूरा गर्ने
त्यो टाकुरो थुम्को पहाडको महत्त्व

छङ्छङ् झरना झरेको देखाउने
त्यो होचो खोँचको महत्त्व
देउराली, उकाली र ओरालीको महत्त्व
तिमी यात्रामा त निस्क ।

तिमी यात्रामा त निस्क
कहिलेकाहीँ निराश हुँदा
बाँच्न प्रेरित गर्ने झिनो आशाको महत्त्व
तिमी यात्रामा त निस्क
अनि थाहा पाउने छौ
एक मुठी यो साँस, त्रास
हतास, दिन र रातको महत्त्व

जरूर साथी तिमी यात्रामा त निस्क
अनि थाहा पाउने छौ
यी सबै कुरा महसुस गराउने
यो जीवनको महत्त्व
बस् तिमीले यात्रा सुरु गर्नुपर्ने छ
तिमी आफैले, तिम्रै आफ्नो यात्रा

तिमी यात्रामा त निस्क
अनि थाहा पाउने छौ
भोकाएर लखतरान भएपछि
पाउने एक मुठी अन्न दानाको महत्त्व
भोक नमेटिएर पनि
गन्तव्यमा पुग्ने हुटहुटी
आफैभित्रको धैर्य र सहनशीलताको महत्त्व

तिमी यात्रामा निस्क त मात्र
अनि थाहा पाउने छौ
लरखराएर भिरबाट चिप्लिन खोज्दा
टेक्ने त्यो जाबो टेकोको महत्त्व

यात्राले तिमीलाई धेरै सिकाउने छ
यात्राले तिमीलाई सिकाउने छ
तिम्रो आफ्नै महत्त्व
योभन्दा ठुलो सिकाइ के होला
तिमीले आफ्नै महत्त्व
थाहा पाउन सक्यौ भने
तिम्रा लागि योभन्दा ठुलो

क्रान्ति र परिवर्तन के हुन सक्छ?
यसैले तिमी यात्रामा निस्कनै पर्छ

जरूरी साथी
तिमीले खुद तय गरेको ठाउँमा पुग्न
रमाउन, गाउन अनि झुम्न
बुद्ध बन्न, निर्वाण पाउन
जीवन भनेकै यात्रा हो
अर्थपूर्ण जीवन भन्नु नै यात्रा हो
तिमी यात्रामा त निस्क
अनि थाहा पाउने छौ
सम्पूर्ण जीवन र जगत्को महत्त्व

कविता

# *मनको व्यथा*

**शरद प्रधान**

हुरी भएर बाँच्न पाए
कति कति व्यथा उडाइदिन्थे
खोला भएर बग्न पाए
कति मनको वहलाई बगाइदिन्थे
म त मानिस भए छु
आफ्नै वेदनाले भरेको
स्नेहको अभावले झेलिएको
कति रूखो रहेछ
तिम्रो त्यो संसार
परिवर्तन भइरहन्छ त्यो मायाको आकार
आँखाको दुई किनारमा
म तिमीलाई पर्खी बसेँ
मायाको दुई दोभानमा
म सधैँझैँ बगिरहेँ
मायाको व्याथा हावाझैँ उडाउन पाए
कति हल्का हुन्थ्यियो हृदय त्यो
मेरो जीवन कथा सुनाउन पाए
कति शान्त हुन्थियो हृदय मेरो ।

कविता

# मनको गुजुल्टो

डा. मेनुका कार्की

गुजुल्टैगुजुल्टा अनि लट्टैलट्टा
मनको माकुराले बुनेको यो जालो
छिनमै ठुस्स, छिनमै हिस्स, अनि फेरि मक्ख
तिम्रो मनले पकाएको, खै मिठो कि तितो

ती गुजुल्टाहरूमा अल्झिएर लडिने पो हो कि
मनले गुथेर अजङ्ग पो भो कि
लडाउला तिमीलाई, बिसाउने कि भारी
भुँवाझैँ हलुङ्गो उडाउने पो हो कि

तराजुसरि भो खै कस्को यो मन
पाइ पाइ जोडेर यो धन
आँसु भरियो मनको यो भेल
डुङ्गा लिएर आउने को भन

अदृश्य यो भेल, अदृश्य यो हुरी
तिमीभित्रै बग्छ, तिमीभित्रै चल्छ
कुनै दिन बग्छ तिमीलाई नछोई
कुनै दिन बाँध्छौ खोला यो बोकी

नाटकसरि यो मनको यो चाल
थाहै नपाई भोग्छौ यो छल
खोत्रो मोहले अनि भित्री रापले
पोल्छ तिमीलाई आफैले यो बाले ।

# बाटो

**देवराज सिम्खडा**
**(तारकेश्वर-९, मनमैजु, काठमाडौं)**

जीवनलाई गतिशील बनाउन बाटो चाहिन्छ
गतिहीन जिन्दगी जिउँदो चिहानजस्तै लाग्छ
जहाँसुकै होस् म आफ्नो बाटो आफै बनाउँछु
लक्ष्यमा छुन मेरै पाइलाहरू अगाडि लम्कन्छन्
छैन मलाई कसैको बुइ चढेर आकाश छुन ।

मलाई कोलम्बस र भास्को डिगमा बन्नु छैन
न त मार्कोपोलो र जेम्स कुक बन्नु छ
छैन मलाई युरी गागरिन र निल आर्मस्ट्रङ बन्न
मलाई मेरै माटोको बाटो पर्याप्त छ
यही भूगोल मेरो संसार, मेरो सर्वस्व हो ।

भृकुटी र बुद्धले रोजेको शान्तिको राजमार्ग
तेन्जिङ नोर्गे र पासाङ ल्हामुले चुमेको गन्तव्य
व्यास र वाल्मीकिले पहिल्याएको ज्ञानमार्ग
भुवनसिंहले कुल्चेको अन्टार्टिका यात्रा
हो, त्यही पदचाप पछ्याउँदै आर्कटिकमा
लिई एकमुट्ठी माटो उभिने अठोट गर्दछु ।

ऊ फगत बाटो हो
आरोह अवरोहमा धेरैपटक चिप्लिएको छ
ऊ पटक पटक सिकिस्त बिरामी पर्छ
दरिद्र मानसिकताले चिथरेको पीडामा
आकाशतिर टुलुटुलु हेरेर मुर्छित हुन्छ
तर ऊ कसैलाई धनी र गरिब ठान्दैन
न छुतलाई च्याप्छ न अछुतलाई हेप्छ
फरक क्षमताका बटुवालाई गन्तव्य दिन्छ
ऊ जीवनको बाटो यात्राको निर्दोष साथी ।

(devraj.simkhada2@gmail.com)

(सवाल कविता)

# म कवि होइन

भैरव गेलाल
(लहान, सिरहा)

न म कवि हुँ
न म कविताको हुँ,
कविमा भाउ (भाव/मूल्य) हुन्छ
समाज निर्माणको ताउ हुन्छ
किनकि
कविता मुक्तिको नाउ हुन्छ ।
न ममा मुक्तिको आश छ
न ममा दासताको त्रास छ
म त
कहिले
बासँग बहकिन्छु
कहिले
भाउजूको भङ्गिमामा लहसिन्छु
म
न कहिले मलाई खोज्छु
म
न कहिले आफूलाई रोज्छु
म, न कहिले
आफ्नै विचारको लाठी खोज्छु
किनकि
मलाई आफ्नै घाउले पोल्दैन
जो आफ्नै स्वतन्त्रताको लागि बोल्दैन
त्यसलाई तपाईं
के भन्नुहुन्छ सोध्दिनँ
तर,
म आफूलाई कवि भनाउन रोज्दिनँ
किनकि
म कवि होइन
कविताको म होइन ।

(जबाफ कविता पछि प्रकाशित गरिने छ ।) यसलाई माथि सेटिङ गर्ने

कविता

# सायद यो कहिल्यै नसकिएला

**रणभीम**

सायद,
यो कहिल्यै नसकिएला
यो भव, यो संसार,
र तिमीप्रति मेरो प्रेम
जसरी यो समय अनन्त छ ।

सायद,
एकदिन, मेरो समयरेखा क्षय हुने छ,
मैले नपोखेका भावहरू मसँगै हराउने छन्,
किनकि जीवन क्षणिक छ,
र म पनि ।

सायद,
कुनै बिहान, यी आँखाहरू सधैँका लागि बन्द हुने छन्,
श्वासहरू हावामा बिलाउने छन्,
र मस्तिष्क मौन अनन्तमा लोप हुने छन् ।

सायद,
तिमीले पर्खेको दिन आउने छ
जहाँ अहंकार आँसु बन्ने छ ।
जब म मर्नेछु ।

र कुनै दिन,
पानीले मेरो चिहान बगाउने छ,
या खरानी छर्दै लैजाने छ ।
अनि मानिसहरूले
मेरो खनिज खन्ने छन्,
र मेरो खरानी छान्ने छन् ।

सायद,
तिनीहरू हिँड्ने छन्
मैलै मेरी भनेकी जूनमा,
चढ्ने छन्
मैले आफ्नो ठानेको पहाडहरू ।

किनकि यो अनन्त छ
जसरी मेरो प्रेम
सिवाय मेरो देह ।

(ranbhim0@gmail.com)

कविता

# गन्तव्य



देबकी के.सी.

बगिरहेको थियो खोला
आदिम कालदेखि
बगिरहेको छ आजसम्म पनि
र निरन्तर बगिरहने छ भोलि पनि
हजारौँ ठक्कर खाएर चोट सहदै
गन्तव्य खोज्न दौडिएका पत्थरसँगै
बालुवाको कणसँगै
अनेकौँ जलचरसँगै, जलवृक्षसँगै
कैयौँ अस्तुसँगै
लाखौँ सपना बोकेर हिंड्नेहरूसँगै
कहिले खुसीका छाल बनेर
कहिले वेदना सहेर
हाँस्दै, रूँदै, सुस्केरा हाल्दै
कतिको श्राप सुनेर
कतिको आशीर्वाद ग्रहण गरेर
कतिको मलमुत्र बोकेर
कतिको नुनिलो आँसु बोकेर
त कतिको मिठो हाँसो बोकेर
बगेकै छ खोला निरन्तर
गुनासो विहीन छ खोलाको यात्रा
निरन्तर बगेकै छ गन्तव्य खोज्न
बिचरा ! खोलाको कहाँ होला गन्तव्य ?
कहिले पुग्छ होला गन्तव्य ?
कहिले बिसाउँछ होला गन्तव्यमा
आफ्नो मनको भारी
अनि आनन्दको श्वास फेर्छ होला
निदाउँछन् अरू सपना देख्नकै लागि
तर,
खोला न निदाउन पाउँछ
न त आराम गर्न पाउँछ
पहाडको चट्टानमा ठोक्किँदै
बाँधहरूमा बाँधिंदै
बगिरहन्छ खोला
गन्तव्य खोज्न
थाहा छैन,
खोलाले गन्तव्य कहिले भेट्छ
साँच्चै खोलाले गन्तव्य भेटेको दिन
विश्राम लिएको दिन
मस्त निदाएको दिन
स्थिर भएको दिन
के हुन्छ होला यो पृथ्वी ?
यो सृष्टि ............... ?

समालोचना

# ठेट नेपालीको सानो भण्डार आरनको आगो



डा. शैलजा पोखरेल

कथाकार कश्यपप्रसाद पौडेलद्वारा रचित सरल सामाजिक कथाहरूको सँगालो **आरनको आगो**मा मौलिक नेपाली समाजको टुक्रो भेटियो । यसमा नेपाली समाजमा चलिआएका मान्यता र त्यहाँभित्रका जीवनका प्रस्तुति छ । कथाको मूल शीर्षक नै मौलिक नेपाली प्राविधिक शब्दबाट निर्मित छ । कथाकारका भाषामा 'कथारूपी २१ थुङ्गा जोडेर उनेको रङ्गीन माला' छोडेपछि बाइसौँ थुँगो पनि भेटियो । उनले हराउँदै जान थालेका गाउँघरतिरका परम्परागत कुरामा सञ्जीवनी छर्कंदै वर्तमान पुस्तालाई हस्तान्तरण गर्ने प्रयास गरेका छन् । सकेसम्म सबै कथामा नेपाली समाजको गहिरो नाता रहोस् भन्ने जमर्को उनले गरेका छन् । यही उद्देश्य पूरा गर्न २१ पछिको २२ औँ नम्बरले अलि बढी ध्यान तान्यो । नेपालको मौलिकता भेट्ने अंशमा पौडेलले 'केही शब्द र तिनका अर्थ' समावेश गरेका छन् । यहाँ तिनै शब्दका माध्यमबाट पौडेलको पुरानो नेपाली समाजलाई नियाल्ने कोसिस भएको छ ।

कथामा प्रयुक्त ठेट नेपाली शब्दका साथ अरू भाषाका प्राविधिक शब्दहरू सङ्कलन गरेर पौडेलले तिनको अर्थ दिएका छन् । शब्दहरू नेपाली भाषाका नै हुन् । 'भाषा' कथा अभिव्यक्तिका लागि माध्यम मात्र हो । कथाका तत्त्वमध्ये 'भाषा' एउटा तत्त्व हो । त्यो पनि पूर्ण भने होइन । भाषाको प्रयोग कसरी गर्ने र पाठकमाझ कथानकले बोकेको भावलाई कसरी प्रस्तुत गर्ने भन्ने सन्दर्भमा 'शैली'को साथ लागेर कथातत्त्वका रूपमा 'भाषाशैली' प्रस्तुत हुन्छ । कथा सिद्धान्तमा यिनलाई यही रूपमा चिनाइन्छ । भाषा कस्तो हुनुपर्छ र यसको प्रयोग कसरी गरिनुपर्छ भन्ने कुरो भने लेखक स्वयम्को चयनको विषय हो । यहाँ पौडेलको उद्देश्य नै 'पुरानो नेपाली समाज चिनाउने' हुनुपर्छ । यसैले मौलिक नेपाली शब्दहरूलाई व्यापक मात्रामा प्रयोग मात्र गरेनन्, तिनको अर्थसहित दिएर बुझ्न सजिलो बनाइदिएका छन् । पौडेलका लिस्टमा परेका शब्दहरूमध्ये केही शब्द र अर्थलाई पछिल्लो **प्रज्ञा नेपाली बृहत् शब्दकोश**ले के कसरी प्रस्तुत गरेको छ र पूर्वी पहाडको मौलिकता बोक्ने ती शब्दसँग कत्तिको परिचित छन् भनेर यहाँ खोजी गर्ने प्रयत्न गरिएको छ ।

यस्ता शब्दहरूले पुरानो नेपाली गाउँले समाजको सामाजिक झझल्को दिन्छ । किनभने यस्ता शब्दमा हाम्रा परम्परागत कार्य र सामाजिक इतिहास समेटिएका छन् । यी केही शब्दहरूलाई सामाजिक कार्यका आधारमा विभाजन गरेर प्रस्तुत गरिएको छ ।

**(क) कृषिसँग सम्बन्धित**

| क्र.सं. | शब्द | पौडेलले दिएको अर्थ | शब्दकोशको अर्थ | शब्दको मूल |
|---|---|---|---|---|
| १. | पर्म | छिमेकमा आलैपालो गरी गरिने काम | आफू आफूमा आलोपालो गरी एकले अर्काको काम गर्ने चलन, परेली, पाला | सं. परकर्म |

| | | | | |
|---|---|---|---|---|
| २. | बाउसे | धान रोप्ने बेला हिलो सम्याउने मान्छे | रोपाइँ गर्दा खेतको हिलो सम्याउने काम/त्यस्तो काम गर्ने व्यक्ति; लाठे र /खेताला | स. बाहुल (बाउसो+ए) |
| ३. | बेठीबाजा | रोपाइँका दिन खेतमा बजाउने पञ्चेबाजाको धुन | रोपाइँमा पञ्चैबाजा बजाएर, भोज खुवाएर गरिने उत्सव | प्रा. विट्ठि (सं. विष्टि) |
| ४. | हरिस | हलो र जुवालाई जोड्ने काठको लामो लाठा | एक छेउमा हलो र अर्को छेउमा जुवा रहने हलाको ठाडो लामो काठ | सं. हलीषा |
| ५. | नोल | गह्रुङ्गो भारी बोक्न प्रयोग गरिने काठ | दुई टुप्पामा खर्पन वा त्यस्तै अरू भारी झुन्ड्याई काँधमा बोकिने वा बाँसको मोटो डन्डी | नेवा. नो |
| ६. | दंगेरा | खेतमा दाइँ गर्दा धान पराल छुट्याउने खेताला | | पूर्वी नेपालमा 'दगैँरा' वा 'दँगेरे' भनिए पनि शब्दकोशमा यो भेटिँदैन । |
| ७. | सिप्लाई | खोलाबाट कुलोमा पानी ल्याउन किसानले राखेको कामदार | | शब्द नै परेको छैन |
| ८. | फिरफिरे | धान पाकेको बेलामा असिना नपरोस् भनेर लामाले फाँटमा गाड्ने लामो लिङ्गो | लामाले असिना, पानी, हुरी आदि रोक्न ठाउँ ठाउँमा गाड्ने बाँसको पुतली | |
| ९. | लामापाथी | फिरफिरे गाडिदिएर असिनाबाट पाकेको धान जोगाइदिएबापत लामालाई दिने एक पाथी धान | बालीनालीमा असिना, पानी आदिको प्रकोप नपरोस् भनी धजासहितको बाँसको लिङ्गो गाडेर तन्त्रमन्त्र गरेबापत लामालाई दिइने पाथी, धान आदिको दस्तुर | |
| १०. | गुहारे जानु | ज्याला नपाउने गरी गएर काम गरिदिन | | (गुहार माग्नुसँग सम्बन्धित) |
| ११. | थारो हाल्ने | श्रावण २ गतेबाट धानखेतमा गाईवस्तु गएर बाली नोक्सान नगरून् भनी पशु जान सक्ने अन्तिम सीमामा कटुवालद्वारा गाडिने रूखको तीनकापे हाँगामा ढुङ्गा राखेर बाटो बन्द गरिएको सूचना दिने चिह्न | विवादग्रस्त जमिनको बाली सरकारद्वारा रोक्का गरिएपछि त्यस जमिनमा गाडिएको खाँबो वा दाउरा काट्न निषेध गरी रूखका हाँगामा झुन्ड्याइएको ढुङ्गा । २. सरकारद्वारा लगाइएको रोक्काको चिह्न; थाती; थुनुवा | प्रारने. थारो=दण्ड जरिवाना) |

| | | | | |
|---|---|---|---|---|
| १२. | बिटा लगाउने | मङ्सिरमा खेतमा गएर धान झार्ने काम | काँधमा हालेर वा काखीमा च्यापेर बोक्न ठिक्क पारिएको दाउरा, घाँस, पराल आदिको मुठा बिटा : ना. अँगालोभरको मुढो | |
| १३. | थोरे | जवान भएको पोथी भैँसी | भैँसीको जवान पाडो वा पाडी; ब्याउने बेला भएको तर नब्याएको पाडी | थारो+ए |

माथिका उदाहरणमा आएका शब्दहरूमध्ये संस्कृत भाषाको 'परकर्म' भन्ने शब्दबाट तद्भव शब्दका रूपमा निर्माण भएको 'पर्म' खेतीपातीसँग सम्बन्धित शब्द हो । नेपाली गाउँले समाज विशेष गरी पहाडे जनजीवनमा खेतीपाती गर्दा खेताला लगाउन पैसा लाग्ने र आयस्रोत नहुने अनि सबैले खेती गर्नै पर्ने अवस्थामा निर्माण भएको 'पर्म' शब्दको अर्थ बुझ्न त्यहीँको जनजीवनसँग परिचित हुनुपर्ने रहेछ । खेती अनिवार्य गर्नै पर्ने र 'तिम्रो म मेरो तँ, मिलेर काम गरौँ' भन्ने हाम्रो समाजमा चलिआएको 'पर्म' शब्दलाई पूर्वी पहाडतिर 'पर्मा' भन्ने गरेको पनि पाइन्छ ।
पौडेलले पञ्चेबाजाको धुनलाई 'बेठीबाजा' भनेका छन् भने शब्दकोशले रोपाइँमा गरिने बाजासहितको उत्सवलाई बेठीबाजा भनेको छ । अर्थमा सामान्य फरक देखिए पनि दुवै अर्थ रोपाइँ र बाजासँग सम्बन्धित छन् । 'फिरफिरे' शब्दका अर्थ दुवै एकै खाले छन् पौडेलले लिङ्गोलाई जनाएका छन् भने शब्दकोशले पुतली भन्ने अर्थ दिएको छ । 'फिरफिरे' शब्दले कागजबाट बनेको फूल सिन्कामा उनेर हावामा राख्ता फिरिरिरी घुम्ने वस्तु भन्ने मात्र बुझ्ने गरिएकोमा यस सङ्ग्रहमा यस शब्दले धान बालीसँग सम्बन्धित नेपाली समाजमा चलिआएको प्रथालाई देखाएको छ ।
'दंगेरा' र 'सिप्लाई' शब्दकोशमा पाइँदैन । यस्तै 'गुहारे जानु' र 'बिटा लगाउने' पदावली पनि शब्दकोशमा छैन । शब्दकोशमा पाइने 'बिटा' शब्दले लेखकले दिएको अर्थ नबोकेर अलि परको अर्थ बोकेको छ । यस्तै 'थारो हाल्ने' पदावली शब्दकोशमा छैन । त्यसैले पौडेलको पदावलीलाई टुक्र्याएर 'थारो' शब्दको खोजी गर्दा 'निषेध गरिएको जनाउने खाँबो' सम्ममा कतै अर्थगत समानता देखिन्छ तर पौडेलको अर्थले पशुका लागि प्रयोग हुने चिह्न विशेषलाई देखाउँदा शब्दकोशले 'निषेध गरिएको जनाउने ढुङ्गो' विवादास्पद जमिनमा कसैलाई पस्नबाट रोक्न सरकारले राखेको चिह्न भनेको छ । तर सिप्लाई, गुहारे जानु, थारो हाल्ने आदि शब्दहरू पूर्वी नेपालका किसानले प्रयोग गरेको पाइँदैन । बिटा लगाउनुको अर्थ पनि पौडेलले दिएको अर्थभन्दा फरक छ । हुन सक्छ नेपालको विकट भौगोलिकताका कारण यी शब्दहरू निश्चित भौगोलिक स्थानमा मात्र प्रयोगमा आएका होलान् ।
'बाउसे' खेतीपातीको काममा प्रयोग हुने प्राविधिक शब्द हो । शब्दकोशले दिएको अर्थमा लाठे वा खेताला शब्दले खेती नबुझ्ने मानिसमा यसको अनुमानित अर्थ लगाउन मद्दत पुऱ्याउँछ । 'नेपाल कृषि प्रधान देश हो' भनेर हामीले पढेका वाक्य कण्ठस्थ भए पनि 'बाउसे'को अर्थ पढेलेखेका धेरै र सहरियालाई थाहा छैन । पछिल्ला दिनमा विद्यालयका विद्यार्थीलाई असार १५ मा काठमाडौँका खेतमा लगेर रोपाइँ देखाउन थालिएको छ । अब यस्ता शब्दसँग परिचित गराउने अध्याय पनि छिट्टै सुरु गर्नुपर्छ । नत्र कृषिप्रधान देशका जनताले कृषि नचिन्दा भनाइ झुटो हुन्छ ।

### (ख) घिउ बनाउने कामसँग सम्बन्धित

| क्र.सं. | शब्द | पौडेलको अर्थ | शब्दकोशको अर्थ | शब्दको मूल |
|---|---|---|---|---|
| १४. | हर्पे | काठबाट बनेको नौनी घिउ झिक्ने भाँडो | घिउ, तेल आदि हालिने काठको थेप्चो आकारको भाँडो; एकप्रकारको सिङमाङ (एकातिर मुख (प्वाल) भएको बाँस, काठ आदिको ढुङ्ग्रो/घिउ राख्ने भाँडो) | प्रा. हडप्प |
| १५. | नेती | ठेकीमा मही बनाउँदा प्रयोग हुने मदानी घुमाउने डोरी | दही मथेर नौनी वा घिउ निकाल्दा मधानी घुमाउने डोरी; दही, दुध आदि मत्था चाहिने रस्सी | सं. नेत्रिका |
| १६. | हाती | मदानी समाएर घुमाउन सजिलोका लागि नेतीमा बाँधिएको काठको टुक्रा | | नेपाली समाजमा चलिआएको हाती शब्द प्रज्ञा शब्दकोशमा छैन । |

पौडेलले 'हर्पे'को अर्थ घिउ झिक्ने भाँडो भनेका छन् तर शब्दकोशले घिउ राख्ने भाँडो भनेको छ । पूर्वी पहाडतिर 'हर्पे'को अर्थ शब्दकोशअनुकूल छ । हुन सक्छ यो शब्दको अर्थविस्तार भएको हो । दहीबाट घिउ बनाउँदा प्रयोग हुने 'हाती' शब्दकोशमा छैन । यसले गर्दा आधुनिक वक्तामाझ यो शब्द पुऱ्याउन अप्ठ्यारो होला । 'मदानी'कै अर्थमा शब्दकोशमा 'मधानी' दिइएको छ । द् र ध् एकै ध्वनिपरिवारका घोष अल्पप्राण र घोष महाप्राण ध्वनिहरू हुन् । त्यसैले यी ध्वनिहरूले समाजअनुसाररूप परिवर्तन गरेको बुझिन्छ ।

### (ग) पेसासँग सम्बन्धित

| क्र.सं. | शब्द | पौडेलको अर्थ | शब्दकोशको अर्थ | शब्दको मूल |
|---|---|---|---|---|
| १७ | आरन | हलुका काठ र जनावरको छालाले बनाएको ठुलो खलाती हुन्छ । तातेको फलाम समाउने होत्रो हुन्छ । कैँची र चक्कुमा धार लगाउने रेती हुन्छ । तातो फलाम राखेर पिट्ने फलामे लिही काठको मुढामा गाडेर राखिएको हुन्छ । तातेको ठुलो फलाम पिट्ने घन हुन्छ । आगो खलातीले फुकेर बालिन्छ । आगो नजिकै बसेर हतियारमा धार लगाइन्छ । | आरन : लोहारको फलाम पोल्ने अँगेनो, फलाम पोल्ने आगाको भट्टी ।<br>खलाती : आरनमा आगो फुक्न हावा दिने छालाको थैलो<br>होत्रो : आरनमा प्रयोग हुने एकप्रकारको औजार; तामा पित्तलको गाग्री वा अन्य कमोटमा प्रयोग हुने फलामे औजार; फलामको काम गर्ने कारिगरहरूले प्रयोग गर्ने घन; हतौडो; हतौडा<br>लिही : ना. भट्टीमा फलाम कुट्न भुइँमा गाडेको फलामको आधार | आयस + अरण<br>खल्ल + आँती |

| | | | | |
|---|---|---|---|---|
| | | धार लगाएको तातो हतियार चिसो बनाउन नजिकै पानीको खाल्टो हुन्छ । फलामको औजार बनाउने कारखाना हो, आरन | खाल्टो : खनेर वा अन्य कुनै कारणबाट बनेको खाडल, भ्वाङ, भडखारो | खण्ड ? (खाल्डो |
| १८ | पुन्की | लुगा सिलाउन विष्टको घरमा जाँदा साँझमा पाउने चामल, दाल, आलु, नुन र खुर्सानी | घरमा आएर काम गरेर जाँदा पुहुनीले पाउने दस्तुर वा भाग, पुहुनी | पुन्की (पुङ्+की) ना. हे. पुहुन्की |
| १९ | विष्ट | दर्जीहरूले कपडा सिलाउन जाने व्यक्तिलाई सम्बोधन गर्ने शब्द | घुसेको, छिरेको, पसेको । १. निश्चित वर्ग वा जातिलाई सालबसाली बाली दिएर लुगा सियाउने, खेती किसानको औजार बनाउन लगाउने कथित उच्च जाति | |
| २० | कटुवाल | दर्जी जातमा दिइने पदवी | पहिले पहाडी भेगमा सरकारी उर्दी कुर्लेर जनतालाई सुनाउने व्यक्ति २. पुरानो जिल्ला प्रशासनको लगभग मुखियासरहको एक पद ३. गाउँघरमा उर्दीपुर्दी सुनाउने कामको निम्ति राखिएको प्राय गैरसरकारी कर्मचारी ४. जात विशेष | सं. कोट्टपाल |

पौडेलले एउटा शब्द (आरन) दिएका छन् र त्यसभित्र नेपालीका अनेक मौलिक प्राविधिक शब्दहरू गुजुल्टो परेर आएका छन् । संस्कृत भाषाको 'आयस' शब्दमा 'अरन' प्रत्यय लागेर बनेको 'आरन' शब्द हामीसम्मका नेपालीले त बालगीत 'टपटप टोपी लेतका दाना, परबाट आए कुम्बै राना, सिँगिनी बागिनी ऐरा गई छ, ऐराबाट मुसो मारी ल्याइछ, मुसो मैले आरनमा राखे.....' भन्दा आरन शब्द सुन्यौँ तर, त्यसको अर्थ भने पूर्ण रूपमा बुझेनौँ । अझ बोर्डिङ स्कुलका आधुनिक उपजहरूले यो शब्द र आरनको काम सम्पन्न गर्न चाहिने खलाँती, होत्रो, लिही आदि जस्ता प्राविधिक शब्दहरू कसरी बुझ्छन् । यी शब्दहरू आधुनिक नेपालीमा सायद कतै प्रयोग हुँदैनन् । सहरिया समाजमा फलामका काम गर्ने परम्परागत स्थान प्रत्यक्षतः देख्न सकिँदैन । यही कारण यी शब्दहरू आधुनिक सहरिया नेपालीमाझ चिनिएका छैनन् । पौडेलले दिएका 'खाल्टो' शब्द हामीले सुनी आएको 'खाल्डो'को काभ्रे जिल्लामा बोलिने क्षेत्रीय भेद हो भन्ने बुझिन्छ ।

'पुन्की'को अर्थ पौडेलले दिएको अर्थमा सङ्कुचन भएको हो कि शब्दकोशको अर्थमा विस्तार भएको हो ? बुझ्न मसिनो अध्ययन गर्नुपर्छ । पौडेलका अनुसार लुगा सिलाउनेले पाउने दस्तुर

'पुन्की' हो भने शब्दकोशमा घरमा आएर सबै काम गरेबापत पाउने दस्तुर भन्ने बुझाउँछ । दर्जीको जात भनेर काभ्रे क्षेत्रमा बुझिने 'कटुवाल' शब्दको अर्थ सहरिया समाजमा 'थर विशेष' मात्र बुझाउँछ । आधुनिक र सहरिया समाजमा मात्र होइन 'कटुवाल' शब्दको अर्थ धेरैले त्यही नै बुझ्ने गरेको पाइन्छ । तर शब्दकोशको चौथो अर्थ र पौडेलको अर्थमा समानता छ ।

**(घ) अन्य कला वा निर्माणसँग सम्बन्धित**

| क्र.सं. | शब्द | पौडेलको अर्थ | शब्दकोशको अर्थ | शब्दको मूल |
|---|---|---|---|---|
| २१ | रहनी | गीत गाउँदागाउँदै टुङ्गिन बाँकी भएको एक दुई फाँकी | रहने वा रोकिने ठाउँ; गति अवरोध हुने स्थल; । २. कसैको मन राख्ने व्यवहार; चित्त बुझाउने कुरो; ३. कवितामा निश्चित ठाउँमा रहने विश्राम; यति; अडान । ४. गीत वा सङ्गीतको क्रमशः दोहोरिने अंश; टेक; स्थायी । ५. थेगो | |
| २२ | चोटो छाप्ने | माटो र ढुङ्गाले बनाएको घरमा माटोले तला छाप्ने काम | भुइँतलादेखि माथिल्लो तलाको भुइँ; चोटा चोटोकोठो : भुइँतलाभन्दा माथिल्ला तलामा रहेको कोठो । २. चोटो र कोठो | नेवा. चोत |
| २३ | ठहर | सालको पातबाट बनेको थाल (टपरी) | सालका पातहरूलाई सिन्काले खुटी सिप लगाएर गाँसिने, थालका आकारका साधन; ठुलो टपरी (उदा. वरणीको ठहर) | सं. स्थावर |
| २४ | खाङ्ग्रो | सबैभन्दा ठुलो डोका | घाँस, पत्थर, खोस्मेरा आदि बोक्ने ठुलो आकारको डोको चोयाको डोको; खाङ्ग्रे | |

'चोटो छाप्ने' शब्दले 'तलो छाप्ने' माटो र ढुङ्गाले बनाएको घरमा माटोले तला छाप्ने काम भन्ने अर्थ बोकेको छ । अहिलेका पुस्ताले माटाको घर बिकट गाउँमा देखेका होलान् । सहरमा माटाको घरको चलन सकिसकेको छ । पौडेलले दिएको यस शब्दको अर्थ अलि अघिल्लै पुस्ताका पनि पूर्वी पहाडी नेपालीले नसुनेको पाइन्छ ।

'रहनी' शब्द उब्रेको, बचेको भन्ने अर्थमा रहेको शब्दबाट निर्मित रहेछ । 'ठहर' सालको पातबाट बन्ने वा बनाइने टपरीलाई भनिँदो रहेछ र 'खाङ्ग्रो' भनिने डोको हुँदो रहेछ । हामीले सुनेको, बुनेको र जानेको 'टपरी'को अर्को नाम र हामीले देखेको, किनेको 'डोको' को जात पनि नेपालीमा अर्को रहेछ भन्ने कुराको 'ठहर' यही कथासङ्ग्रहपछि भएको छ ।

**(ङ) सामाजिक कार्य**

२५. दही-दूबो समाउने : विवाह गर्ने दिन तोकेर आजबाट मेरी छोरी तपाईंलाई दिएँ भनेर केटीका पिताले नवदुलहालाई पातको दुनामा दही, जनै, सुपारी र पैसा राखेर दिने र केटा पक्षले विवाह गर्न मञ्जुर गरेको स्वीकार गर्ने काम ।

यस पदावलीको अर्थ शब्दकोशमा नभए पनि हामीले जानेको वा चलनचल्तीमा रहेको '

फूल–माला गर्ने', 'टिकोटालो गर्ने', 'कुरा छिन्ने', 'जनै सुपारी गर्ने' आदि पदावलीले पौडेलको समाजमा चलिआएको 'दही–दूबो समाउने' अर्थ बोकेका छन् । समाजमा बिहे गर्नुअगाडि पहिले पहिलेको समयमा केटाका बाबु र केटीका बाबुबिच हुने यो सम्झौता बिस्तारै केटा राखेर केटी नराखी अनि अहिले केटा र केटी दुवै राखेर गर्ने चलन छ । नेपाली समाजमा चलिआएको यो प्रथा विश्वबन्धुत्वको परिणामपश्चात् केटा र केटीले आपसमा गर्ने चलन पनि बढ्दो छ । तर पौडेलको समाजमा यही कार्यलाई चिनाउने शब्दका रूपमा 'दही–दूबो समाउने' प्रयोग हुने रहेछ ।

**(च) पकवान्नसँग सम्बन्धित**

२६. लुच्याइँः गहुँको पिठो बेलेर तेलमा पकाएको परिकार (पुरी) ।

प्रज्ञा शब्दकोशमा यस अर्थसँग मिल्दो लुच्याइँ भेटिँदैन । 'लाज पचाएको व्यक्तिले गर्ने व्यवहारलाई लुच्याइँ भनिन्छ' भन्ने अर्थ हामीले जानेको हो तर पौडेलले लुच्याइँ शब्दको अर्थ 'पुरी' अर्थात् गहुँको पिठोबाट तारेर बनाइएको रोटी भन्ने बुझिन्छ । हुन सक्छ यो शब्दले दिने अर्थ 'लुच्चो तरिकाले खाने'बाट विकास भएको । पौडेलको यो अर्थयुक्त शब्द शब्दकोशमा पुग्न सकेको छैन ।

समग्रमा हेर्दा कथाकार कश्यपप्रसाद पौडेलले देखेको, जानेको पुरातन नेपाली समाज कथामा पाइने धेरै परम्परा र तिनलाई छर्लङ्गसँग प्रस्ट्याउने शब्द र अर्थको एउटा खण्ड कथासङ्ग्रहमा प्रस्ट देखिएको छ । पौडेलले काभ्रेको एउटा टुक्रो समाज राम्ररी चिनाएका छन् । साथमा उनी घुमेका अरू नेपाली समाजलाई पनि चिहाउन भ्याएका छन् ।

पौडेलका कतिपय शब्द 'प्रज्ञा नेपाली बृहत् शब्दकोश'मा पुग्न सकेका छैनन् । पुगेका कतिपय शब्दको अर्थ फरक किसिमका छन् । यसले शब्दकोशको परिमार्जनका लागि यो कथासङ्ग्रहलाई शब्द थप्न, अर्थगत विविधता प्रस्तुत गर्नमा सघाउ पुऱ्याउँछ भन्ने विश्वास गर्न सकिन्छ ।

कथाकारको 'आरनको आगो'भित्रका भाषिक सामग्रीको मात्र विश्लेषण गर्दा पुरातन नेपाल सजिलै देख्न सकिन्छ । परम्परागत नेपाली समाज कृषिप्रधान रहेछ । विशेष गरी 'धान' नेपालीको रोजाइको अन्न बाली रहेछ । नेपाली जाति गाईवस्तु पाल्ने, दहीप्रति विशेष मोह गर्ने र घिउ मन पराउने जाति रहेछन् । नेपालका परम्परागत कलाकृतिहरू छन् जुन आधुनिक सहरिया समाजबाट हराउँदै छन् । आफ्ना आवश्यक सामग्री र हतियार बनाउने परम्परागत कलकारखाना पनि रहेछन् । मौलिक नेपाली खानाका शब्द कम भए पनि पौडेलको 'लुच्याइँ' शब्दले खानेकुरा नै अर्थ दिइराखेको छ । हामीले पुरीलाई नेपाली पहाडे जनजीवनको खान्कीका रूपमा नचिनेको तर यस कथासङ्ग्रहको 'लुच्याइँ' शब्दले त्यो मान्यता वा सोचलाई भत्काइदिएको छ ।

जटिल भौगोलिकता अनि अनेक स्थानका संस्कार र संस्कृतिसँग आबद्ध शब्दहरूको खोजी अहिले अनिवार्य छ । यतिबेलाका बुवाआमा पुस्ताले आफूले जानेका शब्द सङ्कलनमार्फत तिनको संरक्षण गरी आउँदा पुस्तालाई मौलिक नेपाली शब्दसँग परिचित बनाउन यस्ता कथाहरू

प्रभावकारी हुन सक्छन् । मौलिकतासँग अपरिचित अवस्थामा नेपाली भाषाका लोप हुन लागेका शब्दहरू बटुलिनु र तिनको सामाजिक अर्थ समेत दिइनु अति उपयोगी छ । पौडेलको जस्तो मौलिकता बोकेका कथाहरू, साहित्यका अनेक विधा र नेपालीका परम्परागत औजारका नाम र बनोट आधुनिक सहरीलाई मौलिक नेपाली समाजलाई चिनाउन अति आवश्यक सामग्री हुन् । पौडेलका शब्दभण्डारबाट मात्र सामग्री सङ्कलन गरी सांस्कृतिक सङ्ग्रहालय निर्माण गर्ने हो र स्कुले विद्यार्थीलाई असार १५ मा खेतबारीमा लगेजस्तै नेपाली परम्परा चिनाउन कहिलेकाहीँ लैजाने हो भने, यसबाट मध्य पहाडी नेपाली समाजको एउटा पाटो निर्माण गर्न सकिन्छ ।


शब्दाङ्कुरका वितरक

साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स

चावहिल, काठमाडौँ

०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**

**पुस्तक सेन्टर**

**अद्वैतमार्ग (आरआर क्याम्पसको ठिक पछाडि),**

**बागबजार**

**०१-५३६६७८०, ९८४१-३६७७६२**


**सर्जकमा विशेष अनुरोध**

कृपया अन्य पत्रपत्रिका, फेसबुक, अनलाइन पत्रिका आदिमा अप्रकाशित र प्रकाशनका लागि अन्यत्र नदिइएका प्रकाशनयोग्य रचना मात्र सम्पादनको अधिकारसहित शब्दाङ्कुरमा प्रकाशनार्थ पठाउनुहुन र यस मासिकमा प्रकाशनार्थ पठाइएका रचना अन्यत्र छपाउनुपर्ने भएमा सूचना दिएर मात्र छपाउनुहुन हार्दिक अनुरोध गर्छौं ।

**शब्दाङ्कुर परिवार**

# जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु

- विक्रेता वास्तविक हो/होइन, निजको हकभोग छ/छैन प्रस्ट होऔँ,
- कित्ताको मोठ स्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको यकिन गरौँ,
- कुनै अड्डाअदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रस्ट होऔँ,
- जग्गा र नक्सामा बाटो छ/छैन यकिन गरौँ,
- जग्गाको हकभोगअनुसार आकारप्रकार मिले/नमिलेको यकिन गरौँ,
- जग्गा रैकर वा गुठी के हो, प्रस्ट होऔँ,
- जग्गामा मोही भए/नभएको प्रस्ट होऔँ,
- लालपुर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन यकिन गरौँ,
- सिमानामा विवाद भए/नभएको साँधसँधियारबाट बुझौँ,
- नक्साबमोजिमको जमिनमा चारैतर्फ सिमाना यकिन गर्न रेखाङ्कन गराएर मात्र खरिदविक्री गरौँ ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

शब्दाङ्कुरलाई रकम भुक्तानी गर्न QR कोड स्क्यान गर्नुहोस् ।

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

| | | |
|---|---|---|
| **विशिष्ट सदस्यता शुल्क**: | नेपाल (नेरु) र भारतमा (भारु) | १०,०००/- |
| | संस्थागत र अन्य मुलुक नेरु | २०,०००/- |
| **आजीवन सदस्यता शुल्क** : | नेपाल (नेरु) र भारतमा (भारु) | ५,०००/- |
| | संस्थागत अन्य मुलुकमा रु | १०,०००/- |